बैठक संख्याः १९

मितिः २०७९ चैत्र १९ गते आइतबार
समयः विहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

(२१) टेक ब. सोडारी
(२२) भानुभक्त राई इन्जिनियर
(२३) सुबास आचार्य इन्जिनियर
(२४) दिर्घायु लिम्बु अमिन.
(२५) रवि सुवेदी प्रशासन शाखा
(२६) विनकला रसाइली (वि.क.) का. स.

२०७९ चैत्र १९ गते आइतवार

| | | |
|---|---|---|
| १ | विगतका निर्णय समिक्षा। | मिति:२०७९/१२/०५ गतेको कार्यपालिका बैठकले वडा नं ८ को वडा अध्यक्ष श्री भिमप्रसाद पोखेलको संयोजकत्वमा २ सदस्य रहेको विरेन्द्र टोल बिकास समितिको नाममा सञ्चालनमा रहि हाल समावेशी टोल विकास संस्थामा परिवर्तन भएको विषयमा छानवीन समिति गठन गरेकोमा उक्त समितिले छानबिन गरी प्रतिवेदन पेश भएको छ। |
| २ | मदनमार्गमा पर्ने जग्गाको नक्सा पास खुला गर्ने। | मदनमार्गलाइ राष्ट्रिय मार्गको रुपमा सडक क्षेत्राधिकार कायम गरी नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको र यस मार्गका सरोकारवालाहरुसंगको विभिन्न समयमा भएका छलफल अन्तरक्रियाबाट समेत क्षेत्राधिकार कति हुनेभन्ने विषय निक्यौंल भएको अवस्था छैन । यो मार्ग निर्माण हुनुभन्दा पहिले नै बसेको वस्ती वीच बनेको कारणबाट सडक ऐनले निर्धारण गरेको सडक सीमा कायम हुने नहुने विषयमा आधिकारिक निकायबाट आधिकारिक रुपमा कुनै प्रकाशन नभएको हुँदा यस खण्डमा पर्ने घरधनीहरुका नक्सा पास रोकिरहन उपयुक्त र औचित्यहीन समेत देखिएकोले लेटाङ नगरपालिका भित्र मदनमार्गको क्षेत्राधिकार सडकको मध्यविन्दुबाट दायाँवायाँ१०/१० मीटर सेटव्याक समेत कायम गरी नक्सापास खुला गर्ने । उक्त मार्गलाइ राष्ट्रिय राजमार्गको सूचीबाट हटाइ राजमार्गमात्र कायम गरी सडक निर्माण कार्य अघि बढाउन सम्बन्धित आयोजना निर्देशनालय सडक विभाग र भौतिक योजना तथा निर्माण मन्त्रालयमा अनुरोध गर्ने । |
| ३ | कक्षा थप अनुमति। | कक्षा ९ को अध्यापन अनुमति प्राप्त गरि कक्षा चलाइरहेको टेण्डर वर्डस इङ्लिस स्कुललाइ शैक्षिक सत्र २०८० बाट लागु हुनेगरी कक्षा १० सञ्चालन अनुमतिका लागि शिक्षा समितिबाट सिफारिस भै आएकोले अनुमति प्रदान गर्ने । |
| ४ | उच्च अदालत बिराटनगरमा प्रतिनिधि पठाउने। | निवेदक लक्ष्मी न्यौपानेले यस नगर कार्यपालिका कार्यालयलाइ विपक्षी बनाइ दायर गरेको उत्प्रेषण परमादेश रिट निवेदनमा २०७९/१२/२० गते अन्तरिम आदेश छलफलका लागि पेशी तारेखमा उपस्थितिका लागि लेखि आएको हुँदा वडा नं ४ का वडाध्यक्ष एवं सामाजिक समितिका संयोजक श्री रामकुमार श्रेष्ठलाइ प्रतिनिधि खटाइ पठाउने । |
| ५ | संघीय आयोजना कार्यान्वयन इकाइमा पठाउने। | संघीय आयोजना कार्यान्वयन इकाइ बिराटनगरको च नं ८६० भएको मिति २०७९/१२/०५ गतेको पत्रबाट Emergency shelter र Elderly House को कार्यक्रम प्रस्ताव पेश गर्न लेखि आएको र कार्यालयबाट लागत अनुमान समेत जग्गा सुनिश्चित हुने आधार तयार भएको हुँदा आवश्यक कागजात सहित संघीय आयोजना कार्यान्वयन इकाइमा लेखि पठाउने । |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रममा साझेदारी | क. लेटाङ नगरपालिका वडा नं १ को मूल सडक राजारानी सागमा आरुबोटे सडक मर्मतमा रु ६ लाख प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गर्ने । |

| | | |
|---|---|---|
| | | ख. महेन्द्र मा वि वारङ्गी घेरावारामा वडा समितिबाट रु २ लाख वजेट विनियोजन भएको र त्यसबाट घेराबेरा सम्पन्न हुन नसक्ने भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु ३ लाख साझेदारी गर्ने । |
| ७ | भू-उपयोग योजना कार्यान्वयन पूर्वको तयारी । | यस नगरपालिकाको भू उपयोग योजना तयारीको क्रममा परामर्शदाताबाट प्राप्त भूउपयोग नक्सासमेतका कागजातहरु वडास्तरमा लगि व्यापक छलफल गरेर मात्र कार्यान्वयनमा जानुपर्ने र भूउपयोग योजना तर्जुमा कार्यान्वयन गरेका पालिकाहरुको अभ्यासबाट समेत देखिएका समस्याहरुलाइ समाधान गर्दैजानु पर्ने भएकोले प्राविधिक कर्मचारी सहित वडामा गइ छलफल गरी योजनालाइ अन्तिम रुप दिने । |
| ८ | डोर हाजिर/करारमा रहेका सहायक कम्प्युटर अपरेटरहरुको वीचमा आन्तरिक प्रतिस्पर्धा। | नगरपालिका अन्तरगत वडा कार्यालयहरुमा डोर हाजिर/करारमा रहेका सहायक कम्प्युटर अपरेटरहरुको कार्यक्षमता मूल्याङ्कन गर्न कार्यरत स.क.अ.वीचमा आन्तरिक प्रतिस्पर्धा गराइ क्षमता परीक्षण गर्ने र परीक्षणमा अव्वल देखिएकाहरुलाइ करार प्रक्रियामा लैजाने । |
| ९ | पारिश्रमिक तोक्ने । | करारमा राखिएका अहेवको मासिक पारिश्रमिक रु २४ हजार र अनमिलाइ २२ हजार दिनेगरी करार गर्ने । |
| १० | घ वर्गको लाइसेन्स। | आर एण्ड आर इञ्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा लि ले घ वर्गको लाइसेन्स पाउन माँग गरेको र योग्यता जाँचबुझ समितिबाट सिफारिस भै आएकोले लाइसेन्स जारी गर्ने |
| ११ | विधान स्वीकृत गरी दर्ता गर्ने। | सुनचाँदी व्यवसायी संघ लेटाङको संस्था दर्ताका लागी विधान सहित पर्न आएको दरखास्त जाँचबुझ गरी दर्ता योग्य भएको भनी पेश हुन आएको हुँदा विधान स्वीकृत गरी संस्था दर्ता गरिदिने । |
| १२ | धन्यवाद सहित पत्राचार गर्ने। | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ख अनुसार यस आर्थिक बर्षमा आफ्नो कारोवार रकम अनुसारको राजस्व बुझाउने सामुदायिक वन उपभोक्ता संस्थाहरुलाइ धन्यवाद ज्ञापन गर्ने । यसैगरी नगरपालिकालाइ राजस्व नबुझाउने सामुदायिक बनहरुलाइ आफ्नो लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्न पत्राचार गर्ने । |
| १३ | योजना परिवर्तन | नगरसभा बाट अनुमोदन हुनेगरी देहायको योजना परिवर्तन गरियो। |

| योजनाको नाम | वडा नं | रकम | परिवर्तन योजनाको नाम | रकम |
|---|---|---|---|---|
| वरगाछी आदिवासी मार्ग ड्रेन निर्माण | ६ | ४००००० | बरगाछी आदिवासी मार्ग स्ल्याप कल्बोट निर्माण | ४००००० |